# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्याः १३ मिति : २०८२/०८/०७


भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८२/०८/०७ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०८२ सालको नियम नं.१३

प्रारम्भिक बाल विकास एवम शिशु स्याहार केन्द्र सञ्चालन तथा ब्यवस्थापन कार्यविधि २०८२

# प्रारम्भिक बाल विकास एवम शिशु स्याहार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२

स्वीकृत मितिः २०८२/०८/०७

प्रमाणिकरण मितिः २०८२/०८/०७

**प्रस्तावना**

गेरूवा गाउँपालिका भित्र प्रारम्भिक बालविकास केन्द्र, शिशु विकास केन्द्र, शिशु स्याहर केन्द्र र बालविकास कक्षा स्थापना, सञ्चालन र व्यवस्थापनमा एकरुपता ल्याई प्रारम्भिक बालविकास उमेर समुहका बालबालिकाहरुको सर्वाङ्गिण पक्षको विकासमा सुधार ल्याउने उदेश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ खण्ड (ज) बमोजिम आधारभुत र माध्यमिक शिक्षाको अधिकार तथा गेरूवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गेरूवा गाउँपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "प्रारम्भिक बाल विकास एवम शिशु स्याहार केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "ऐन" भन्नाले संघीय शिक्षा ऐन, २०२८ लाई सम्झनु पर्छ ।

ख. "कार्यपालिका" भन्नाले गेरूवा गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग. "गाउँपालिका" भन्नाले गेरूवा गाउँपालिका सम्झनु पर्छ ।

घ. "अध्यक्ष" भन्नाले गेरूवा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गेरूवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ

च. "शिक्षा शाखा" भन्नाले गेरूवा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

छ. "शिक्षा प्रमुख" भन्नाले गेरूवा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाइ सम्झनु पर्छ ।

ज. "शिक्षा समिति" भन्नाले गेरूवा गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्छ ।

झ. "न्यायिक समिति" भन्नाले गेरूवा गाउँपालिकाको न्यायिक समिति सम्झनु पर्दछ ।

ञ. "प्रारम्भिक बालविकास केन्द्र" भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकाहरूलाइ एक बर्षको शिक्षा दिने प्रयोजनका लागि स्थापित केन्द्र सम्झनु पर्छ ।

ट. "शिशुविकास केन्द्र" भन्नाले कम्तिमा दुई वर्ष उमेर पूरा भई चार वर्ष उमेर पूरा नगरेका बालवालिकाको शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका लागि सञ्चालित केन्द्रलाई सम्झनु पर्छ । सो शब्दले शिशु स्याहर केन्द्र लाइ समेत जनाउछ।

ठ. "सहजकर्ता" भन्नाले प्रारम्भिक बालविकास केन्द्र, शिशुविकास केन्द्र, शिशु स्याहार केन्द्रमा नियुक्त वा कार्यरत बालविकास कक्षामा सहजीकरण गर्ने शिक्षक वा सहजकर्ता सम्झनु पर्छ ।

ड. "अभिभावक" भन्नाले केन्द्रमा अध्ययनरत बालबालिकाको अभिभावक भनी केन्द्रको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो बालबालिकालाई संरक्षकत्व प्रदान गर्ने व्यक्ति समेतलाई जनाउँछ।

ढ. "प्रारम्भिक बालविकास शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भएका बालवालिकालाई कक्षा एकमा प्रवेश गर्नु भन्दा अघि दिइने एक वर्ष अवधिको बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित शिक्षा सम्झनु पर्छ ।

ण. "समुदाय" भन्नाले समाजको विकासमा क्रियाशील विभिन्न संघ संस्था वा व्यक्तिहरुको समूह सम्झनु पर्दछ र सो शब्दले विद्यालयको अभिभावक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ समेतलाई जनाउँदछ ।

## परिच्छेद २

## केन्द्र स्थापना, अनुमती र सञ्चालन सम्बन्धी ब्यवस्था

**३. केन्द्र स्थापना र अनुमती** :(१) कुनै व्यक्ति वा संस्थाले केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची-१ को ढाँचामा शैक्षिक सत्र हुनु भन्दा कम्तिमा २ महिना अगावै गाउँपालिकाको शिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।

(२) निजि लगानीमा केन्द्र सञ्चालन गर्न चाहेमा अनुमतीका लागि कम्पनीमा सञ्चालन गर्ने भए कम्पनीमा दर्ता भएको प्रमाणपत्र र शैक्षिक गुठीको रुपमा सञ्चालन गर्ने भए तत्सम्बन्धी विधान दर्ता भएको निस्सा समेत संलग्न गरी उपदफा (१) मा उल्लेख गरेबमोजिम निवेदन पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम निवेदन परेमा शिक्षा शाखाले निवेदन साथ संलग्न कागजातहरूको बारेमा जाँचबुझ गर्नेछ। यसरी अनुमति दिनु अगावै गाउँपालिकाले आवश्यकता अनुसार शिक्षा शाखा प्रमुख वा शिक्षा शाखाको कर्मचारीलाइ स्थलगत निरिक्षण एवम जाँचबुझ गर्न खटाउनेछ। शिक्षा शाखले प्राप्त निवेदन उपर जाँचबुझ गरेपश्चात प्राप्त राय, सूझाव सहितको प्रतिवेदन गाउँपालिकाको शिक्षा समितिमा पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा प्रस्तावित केन्द्रको लागि यस कार्यविधिको दफा (४) बमोजिमको न्युनतम पुर्वाधार पुरा भएको देखिएमा शिक्षा समितिले निर्णय गरी अनुमति प्रदान गरिदिन कार्यपालिकालाइ अनुरोध गर्नेछ।

(५) कार्यपालिकाले प्रस्तावित केन्द्रले उपदफा (४) बमोजिम गाउँपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया बमोजिम अनुमति दिन मनासिब देखिएमा अनुसूची -२ बमोजिमको ढाँचामा शैक्षिक सत्र सुरू हुनु भन्दा १ महिना अगावै अनुमति दिनेछ।

(६) उपदफा (५) बमोजिम अनुमति प्राप्त केन्द्रले यस कार्यविधिमा तोकिएका आधारहरु बमोजिम सञ्चालन नगरेमा वा सञ्चालन नगरेको नपाईएमा त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्ध गर्न सक्नेछ ।

(७) केन्द्र स्थापनाका लागि निवेदकले आफ्नो निवेदनमा देहायका कुरा खुलाएको हुनु पर्नेछः

क. बालवालिकालाई उपलब्ध गराउन प्रस्ताव गरेको सेवा र सुविधा ।

ख. सञ्चालन गर्ने केन्द्रमा भर्ना हुन आउने बालवालिकाहरुको उमेर समूह ।

ग. अभिभावकको बैठक निर्णय तथा निजहरुको अपेक्षा ।

घ. केन्द्र हाताभित्र र बाहिर बालवालिकालाई उपलब्ध गराईने सेवा सुविधा र सिकाई क्रियाकलाप

ङ. सुरक्षित, स्वच्छ र शान्त शैक्षिक वातावरणको सुनिश्चितता।

च. केन्द्र स्थापना गर्न चाहिने प्रारम्भिक पूर्वाधार सम्बन्धी विवरण ।

छ. सामुदायिक वा निजि केन्द्र मध्ये अनुमति लिन चाहेको केन्द्र खुल्ने कागजात ।

(७) गाउँपालिकाले आफ्नो कार्य क्षेत्र भित्र आवश्यकता अनुसार विद्यालयको हाताभित्र वा विद्यालय बाहिर समुदायमा सहयोगी निकाय तथा संघ संस्थाको सहयोग वा आफ्नै स्रोतबाट ब्यवस्थापन हुने गरी शिशुस्याहार केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ।यसरी स्थापना भएको शिशुस्याहार केन्द्रको सञ्चालन र ब्यवस्थापनको जिम्मेवारी वडा कार्यालयको सहयोग र समन्वयमा गाउँपालिकाको हुनेछ।

**४. केन्द्र स्थापना गर्न चाहिने प्रारम्भिक पूर्वाधार** : (१) केन्द्र स्थापना र सञ्चालन गर्नको लागि देहायबमोजिमको पूर्वाधार हुनुपर्नेछ।

क) फराकिलो,खुला, शान्त,सुरक्षित भवन भएको

ख) भवन बाहेक एक कठ्ठा वा कम्तिमा ३ कठ्ठा जग्गा भएको

ग) वाल उद्यानको ब्यवस्था भएको

घ) सफा र स्वच्छ खानेपानी र शौचालयको ब्यवस्था भएको

ङ) कम्तीमा २ जना सहजकर्ता र १ जना आया/सुसारेको ब्यवस्था भएको

च) बालविकास केन्द्रको लागि छुट्टै भवन वा कक्षाकोठा भएको

- पक्की/अर्धकपक्की/कच्ची कम्तिमा २ कोठा भएको ।
- कक्षाकोठाको साइज कम्तिमा २६ फिट लम्बाई, १६ फिट चौडाई र १० फिट उचाई भएको हुनुपर्ने ।
- कम्तिमा प्रति बालबालिका २.०० वर्गमिटर क्षेत्रफलको कोठा भएको ।
- प्रति कोठा अधिकतम २० जना बालबालिका बस्न मिल्ने कोठा भएको ।
- प्रत्येक कक्षाकोठामा उपयुक्त शैक्षिक सामग्री सिकाइ सामग्री र बालबालिकाको सामग्री छुट्टाछुट्टै राख्ने गरी र्याक को प्रवन्ध गरेको।

छ) पर्याप्त खेल मैदान र उपयुक्त खेलसामाग्रीको ब्यवस्था भएको ।

ज) बालवालिकाको उमेर र संख्याको आधारमा उपयुक्त आकारका फर्निचरको ब्यवस्था भएको ।

झ) बालबालिकाको उमेर सुहाउदो र संख्याको अनुपातमा शौचालय र शुद्व खानेपानीको ब्यवस्था हुनुपर्दछ।

ञ) पोषणयुक्त दिवाखाजा खुवाउने कोठा वा भान्साघरको अनिवार्य उचित व्यवस्थापन भएको।

ट) आधुनिक सूचना प्रविधि तथा मनोरञ्जनयुक्त साधन सहितको कक्षाकोठा भएको।

ठ) पर्याप्त श्रव्य दृश्य तथा अन्य सिकाई सामाग्रीको ब्यवस्था भएको।

ड) सुरक्षाको उचित प्रबन्ध भएको ।

ढ) सहजकर्ता र सहयोगी कर्मचारीको प्रचलित कानून अनुसार व्यवस्थापन गरेको ।

(२) केन्द्र खोल्दा एक केन्द्र अर्को केन्द्र वीचको दूरी कम्तिमा १.५ कि. मि. भन्दा टाढा हुनुपर्नेछ।

(३) केन्द्र सञ्चालनका लागि घर वा जग्गा भाडामा लिएको भए कम्तिमा पाचँ वर्षका लागि सम्झौता भएको सम्झौता पत्र र सञ्चालककै घरमा सञ्चालन भएको भए जग्गा धनी पूर्जा समेत निवेदन साथ संलग्न राख्नु पर्नेछ ।

**५. आवश्यक जनशक्ति** : (१) केन्द्र स्थापना र सञ्चालन गर्नको लागि देहायबमोजिमका जनशक्ति ब्यवस्था गरेको हुनुपर्नेछ।

क) प्रति कक्षा कम्तीमा २ जना तालिम प्राप्त सहजकर्ता

ख) केन्द्र सञ्चालन भएको विद्यालयको प्रधानाध्यापक वा केन्द्र सञ्चालक/ब्यवस्थापक

ग) प्रति २० जना बालबालिकाको स्याहार सुसार गर्न १ जना सुसारे वा आया

घ) आवश्यकता अनुसार अन्य कर्मचारी

(२) केन्द्रमा करार सेवामा कार्यरत सबै प्रकारका शिक्षक, प्रशिक्षक, सहजकर्ता र कर्मचारीलाइ अनिवार्य रुपमा नियुक्ति गरेर मात्रै कामकाजमा खटाउनुपर्नेछ।

**६. केन्द्रको नामाकरणः** केन्द्रले नामाकरण गर्दा नेपालको राष्ट्रिय महत्वको भौगोलिक, धार्मिक वा ऐतिहासिक स्थल, राष्ट्रिय विभूति, राष्ट्रिय शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान गरेको शिक्षा प्रेमी तथा समाजसेवी, सञ्चालक संस्था आदिको नाम बाट सञ्चालन गर्ने गरी नामाकरण गर्नुपर्नेछ । गाउँपालिका कार्यालयमा केन्द्र दर्ता भईसकेको नाममा अर्को केन्द्र दर्ता हुने छैन् ।

## परिच्छेद ३

## समिति सम्बन्धी व्यवस्था र काम कर्तव्य, अधिकार

**७. गाउँपालिकास्तरीय निर्देशक समिति** : (१) गाउँपालिका भित्र बालविकास केन्द्र, शिशु स्याहार केन्द्र, वा केन्द्र शिशु विकास केन्द्रको सञ्चालन, व्यवस्थापन, नियन्त्रण र निर्देशनका लागि शिक्षा समितिको माताहतमा देहायबमोजिमको एक गाउँपालिकास्तरीय निर्देशक समिति रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत संयोजक

ख. सामाजिक विकास समिति संयोजक सदस्य

ग. शिक्षाक्षेत्रमा लामो अनुभव भएको प्रारम्भिक बालविकास विज्ञ शिक्षक वा विद्यालयको प्रधानाध्यापक तथा सेवानिवृत अनुभवी शिक्षकहरु मध्येबाट समितिले मनोनित गरेको एक जना सदस्य

घ.केन्द्र व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये समितिले मनोनित गरेको एक जना सदस्य

ङ.शिक्षा शाखा प्रमुख वा शाखा प्रमुखको जिम्मेवारी तोकिएको शिक्षा शाखाको कर्मचारी सदस्य - सचिव

(२) समितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ । समितिले आवश्यकता अनुसार साझेदार संघ संस्था, निजी क्षेत्रका प्रतिनिधि तथा मातृ विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) गाउँपालिकास्तरीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिकामा राष्ट्रिय तथा प्रदेश नीति, रणनीति, कार्यक्रमसँग तादात्म्यता हुने गरी प्रारम्भिक बालविकासको नीति, रणनिति र कार्यनीति तर्जुमा गर्ने ।

ख. प्रारम्भिक बालविकासका कार्यक्रमहरुको कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्न समन्वय र सहजीकरण गर्ने ।

ग. वडास्तरमा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न वडास्तरीय प्रारम्भिक बालविकास समिति गठन गर्न सहयोग गर्ने ।

घ. वडा स्तरमा कार्यक्रम सञ्चालन गर्न कार्यक्रमको खाका तयार गरी लागू गर्ने ।

ङ. गाउँपालिकामा मानव स्रोत विकास, व्यवस्थापन तथा परिचालनको सुनिश्चितता गर्ने ।

च. सबै सरोकारवालाहरुसँगको समन्वयमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने।

छ. सरकारी अनुदानमा सञ्चालित केन्द्रहरुको विकास, निर्माण तथा व्यवस्थापनका लागि गाउँपालिकाले

उचित बजेटको पहल गर्ने।

(४) समितिले आवश्यकता अनुसार अन्य कार्यसमितिहरु निर्माण गरी कार्य गर्न, गराउन सक्नेछ ।

**८. गाउँपालिकाको काम, कर्तव्य र अधिकार** : (१) गाउँपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकामा बालविकास केन्द्र, शिशु स्याहार/शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति दिने ।

ख) गाउँपालिकामा सञ्चालित बालविकास केन्द्रका लागि आवश्यक पर्ने स्रोत एवम बजेट ब्यवस्थापन गर्ने ।

ग) गाउँपालिका स्तरमा प्रारम्भिक बालविकास केन्द्रहरुको नक्साङक्न तयारी र आवश्यकता पहिचान गर्ने ।

घ) महिनामा कम्तिमा एक पटक निरीक्षण र अनुगमन गर्ने व्यवस्था मिलाउने।

ङ) सहजकर्तालाई अनिवार्य आधारभूत तालिमको व्यवस्थापन गर्ने र आवश्यकता हेरी समय समयमा

क्षमता विकास तालिममा सहभागी गराउने ।

च) समय समयमा बालवालिकाका अभिभावकका लागि अभिभावक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

छ) अनुमति बिना सञ्चालनमा रहेका केन्द्रलाइ नियमानुसार कारबाही प्रकिया अगाडि बढाउने।

**९.वडास्तरीय समितिः** (१) गाउँपालिकामा सञ्चालनमा रहेका केन्द्रको सञ्चालन, रेखदेख र ब्यवस्थापनमा सहजीकरण गर्न प्रत्येक वडामा देहायबमोजिमको एक वडास्तरीय समिति रहनेछ ।

क. सम्बन्धित वडाको वडाध्यक्ष संयोजक

ख. सम्बन्धित वडा कार्यालयको वडा सदस्य एकजना सदस्य

ग.केन्द्र व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट संयोजकले तोकेको एकजना सदस्य

घ. केन्द्र सञ्चालित विद्यालयको प्रधानाध्यापक/सञ्चालकहरुमध्येबाट समितिले मनोनित गरेको एक जना सदस्य

ङ. वडाभित्रका गाउँटोलका वरघरहरुमध्येबाट संयोजकले तोकेको एकजना सदस्य

च. वडाभित्र सञ्चालनमा रहेका केन्द्रहरु मध्येबाट समितिले मनोनित गरेको सहजकर्ता एक जना सदस्य

छ. सम्बन्धित वडा कार्यालयको सचिव सदस्य-सचिव

(२) समितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ ।

(३) समितिले आवश्यकता अनुसार सामाजिक एवम साझेदार संघसस्था र निजी सेवाप्रदायकका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**१०. केन्द्र व्यवस्थापन समिति** : (१) सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्रको हकमा केन्द्र ब्यवस्थापन समितिको जिम्मेवारी सम्बन्धित विद्यालयको व्यवस्थापन समितिले नै गर्नेछ।

(२) समुदायमा आधारित बालविकास केन्द्र सञ्चालन, व्यवस्थापन र रेखदेखका लागि प्रत्येक केन्द्रमा देहायबमोजिमको एक केन्द्र व्यवस्थापन समिति रहनेछः

क. अभिभावकहरू मध्येबाट छानिएको एक जना -अध्यक्ष

ख. अभिभावक मध्येबाट एक जना महिला पर्नेगरी समितिले छनोट गरेको दुई जना -सदस्य

ग. मातृ विद्यालय वा केन्द्र सञ्चालित विद्यालयको प्रअ एक जना -सदस्य

घ. सम्बन्धित केन्द्रको सहजकर्ता -सदस्य सचिव

(३) निजी लगानीमा सञ्चालित केन्द्रको हकमा उपदफा (२) को खण्ड (क) मा सम्बन्धित केन्द्रको लगानीकर्ता वा संस्थापक अध्यक्ष रहने व्यवस्था हुनेछ।

(४) समितिको मनोनित सदस्यहरूको पदावधी २ वर्ष हुनेछ ।

(५) सामान्यतया समितिको बैठक कम्तिमा २ महिनामा १ पटक बस्नेछ । साथै समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(६) समितिको बैठकमा आवश्यक्ता अनुसार अन्य विज्ञ व्यक्तिलाइ आमन्त्रण गर्न सकिनेछ ।

**११. केन्द्र ब्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : (१) प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) केन्द्रको चल, अचल सम्पतिको रेखदेख, सुरक्षा र संरक्षण गर्ने ।

ख) केन्द्रमा स्वच्छ, शान्त, र सुरक्षित शैक्षिक वातावरण कायम राख्ने ।

ग) केन्द्रको शैक्षिक गतिविधिको अवलोकन, निरीक्षण गर्ने ।

घ) केन्द्रमा आवश्यक पर्ने भौतिक पुर्वाधारको ब्यवस्था गर्ने।

ङ) केन्द्रमा बालविकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि सहयोगी संघ/सस्थाहरुलाई अवसर प्रदान गर्ने ।

च) केन्द्र सञ्चालनको लागि स्रोत साधनको उच्चतम परिचालन गर्ने।

छ) केन्द्रमा आवश्यक पर्ने जनशक्ति, सहजकर्ता, सहयोगि कर्मचारी, आयाको व्यवस्थापन गर्ने ।

ज) बालबालिकाको तथ्याङ्क,शैक्षिक गतिविधि र केन्द्र सञ्चालन गतिविधिको प्रतिवेदन प्रत्येक तीन महिनामा वडा कार्यालय र गाउँपालिकामा अनिवार्य पेश गर्ने ।

झ) नेपाल सरकार र गाउँपालिकाले लागु गरेको पाठ्यक्रम तथा स्वीकृत पाठ्यसामग्री मात्र लागु गर्ने।

ञ) निजी लगानीमा सञ्चालित केन्द्रले गाउँपालिकाले तोकिदिएको शुल्क मापदण्ड लागु गर्ने।

ट) सहजकर्ता नियमअनुसार विदामा बसेमा वा कुनै कारणले केन्द्र सञ्चालन गर्न असमर्थ भएमा केन्द्रलाई नियमित सञ्चालनको व्यवस्था मिलाउने ।

ठ) केन्द्रको शैक्षिक गतिविधिको ब्यवस्थापन गर्ने।

ड) गाउँपालिकाबाट तोकिएको अन्य कार्य सम्पादन गर्ने ।

## परिच्छेद ४

## सहजकर्ता नियुक्ति, काम, कर्तव्य,अधिकार र सेवा शर्त

**१२. सहजकर्ता नियुक्ति** : सरकारी अनुदानमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रमा सहजकर्ता नियुक्ति प्रक्रिया देहाय बमोजिम हुनेछ :

क. गेरूवा गाउँपालिकाको **सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी छनोट सम्बन्धी कार्यबिधि, २०८०** मा उल्लेख गरिएबमोजिम योग्यता पुगेको उम्मेदवारलाइ प्रकिया पुरा गरी केन्द्र व्यवस्थापन समितिले छनोट भएको उम्मेदवारलाइ करारमा नियुक्ति गर्नुपर्नेछ।

ख. केन्द्रले नियुक्तिका लागि कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरी योग्यता पुगेका इच्छुक उम्मेदवारबाट दरखास्त आह्वान गर्नु पर्नेछ ।

ग. उपदफा (१) खण्ड (ख) बमोजिम सूचना प्रकाशन गर्दा शैक्षिक योग्यता, सेवा शर्त सुविधा समेत उल्लेख गर्नु पर्नेछ ।

घ. सहजकर्ता छनोट गरी करार सेवामा नियुक्तिका लागि सिफारिस गर्ने तपसिल बमोजिमको छनोट समिति रहनेछ ।

क) केन्द्र ब्यवस्थापन समितिको अध्यक्ष -
संयोजक

ख) शिक्षा प्रमुख वा शिक्षा शाखामा कार्यरत अधिकृत स्तरको कर्मचारी १ जना -
सदस्य

ग) बिषय बिशेषज्ञको रुपमा समितिले प्राथमिक तहका सुचिकृत स्थायी शिक्षकहरु हरुमध्येबाट छनोट गरेका कम्तिमा २ जना बिषय विज्ञ - सदस्य

घ) मातृ विद्यालयको प्रअ वा केन्द्र सञ्चालित विद्यालयको प्रअ - सदस्य
सचिव

ङ. केन्द्र ब्यवस्थापन समितिले छनोट भएको उम्मेदवारलाइ प्रचलित नियमानुसार करार सम्झौता गराइ नियुक्ति प्रदान गर्नेछ।

च. सहजकर्ता छनोटका लागी गाउँपालिकाको **सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी छनोट सम्बन्धी कार्यबिधि, २०८० को अनुसूची -५** मा उल्लेख गरेबमोजिमको पाठ्यक्रम प्रयोग गरी परीक्षा सञ्चालन गर्नुपर्नेछ।

**१३. सहजकर्ताको योग्यता:** सहजकर्ताको लागि उम्मेदवार हुन प्रारम्भिक बालबिकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदशक पुस्तिका, २०६७ (संशोधन सहित, २०७५) मा उल्लेखित ब्यवस्थाको अतिरिक्त देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

क) नेपाली नागरिक

ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र संकायमा कम्तिमा कक्षा १२ वा सो सरह उतिर्ण गरेको

ग) शिक्षक अध्यापन अनुमति पत्र प्राप्त गरेको

घ) १८ बर्ष उमेर पुरा भइ ४० बर्ष ननाघेको (२० बर्ष उमेर पुरा भइ ३५ बर्ष ननाघेको सम्भव भएसम्म विवाहित र स्थानीय महिलालाइ विशेष प्राथमिकता दिइने)

ङ) कम्तिमा ९० घण्टाको आधारभुत ब्यवहारिक तालिम प्राप्त गरेको ।

च) नैतिक पतन देखिनेगरी फौजदारी अभियोग नलागेको हुनुपर्नेछ।

(२) शिशुस्याहार केन्द्रका सहजकर्ताको हकमा भने उम्मेदवार हुन देहायबमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

क) नेपाली नागरिक

ख) कम्तिमा SLC/SEE वा सो सरह उतिर्ण गरेको

ग) बालमनोविज्ञानको ज्ञान वा शिशु स्याहारको अनभुव भएको

घ) १८ बर्ष उमेर पुरा भइ ४० बर्ष ननाघेको (सम्भव भएसम्म विवाहित र स्थानीय महिलालाइ विशेष प्राथमिकता दिइने)

ङ) कम्तिमा ९० घण्टाको आधारभुत ब्यवहारिक तालिम प्राप्त गरेको ।

च) नैतिक पतन देखिनेगरी फौजदारी अभियोग नलागेको हुनुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि जारी हुनु पूर्व नियुक्त भएका शिशुस्याहार सहजकर्ताको हकमा उल्लेखित योग्यता लागु हुने छैन तर तालिम अनिवार्य प्राप्त गरेको हुनु पर्नेछ ।

(४) निजि लगानीमा सञ्चालित केन्द्रको हकमा सम्बन्धित केन्द्र व्यवस्थापन समितिले निर्णय गरेबमोजिम यस कार्यविधिमा उल्लेखित प्रकिया अनुसार सहजकर्ता नियुक्त गर्न कुनै बाधा पर्नेछैन।

**१४. सहजकर्ताको काम कर्तव्य र अधिकारः** केन्द्रमा कार्यरत सहजकर्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

- दैनिक कार्ययोजना तयार गरी सो अनुसार केन्द्र नियमित रुपमा सञ्चालन गर्ने, गराउने ।
- अभिभावकहरुसँग बालबालिकाको सिकाइमा छलफल र अन्तर्किया गर्ने, गराउने
- केन्द्रको बालबालिकालाइ त्रैमासिक वा चौमासिक रूपमा विद्यालय भ्रमण गराउने
- बालबालिकाले दैनिक रूपमा सिकेका कुरा नियमित मुल्याङकन गर्ने
- केन्द्रको शैक्षिक, भौतिक विवरण र प्रशासनिक अभिलेख अध्यावधिक गरी राख्ने
- केन्द्रको दैनिक सरसफाइको ब्यवस्था मिलाउने

- शिक्षा सरोकारवालाहरुलाइ सहभागी गराइ अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने
- बालबालिकाहरूको नियमित दिवा खाजा ब्यवस्थापनमा सहयोग गर्ने
- केन्द्रमा रहेका बालबालिकाहरुको हेरचाह, स्याहार सुसार र सुरक्षाको प्रवन्ध मिलाउने
- बालवालिकाको नियमितताका लागि अभिभावकहरुसँग समन्वय गर्ने
- केन्द्रको प्रगति प्रतिवेदन सम्बन्धित विद्यालय, वडा कार्यालय र गाउँपालिकामा पेश गर्ने ।
- बालविकास केन्द्रका विद्यालय उमेर समूहका बालवालिकालाई कक्षा एकमा भर्ना गराउन प्रोत्साहन गर्ने गराउने ।
- केन्द्रमा आवश्यक पर्ने भौतिक संरचना, मर्मत संभार लगायत शैक्षिक सामग्री ब्यवस्थापनका लागि विद्यालय, वडा कार्यालय, गाउँपालिका र अन्य संघ संस्था र सम्बन्धित निकाय सँग समन्वय गरी ब्यवस्थापन समिति मार्फत माग गर्ने।
- गाउँपालिका र विद्यालयले तोकेका अन्य कार्यहरु गर्ने।

**१५.सहजकर्ताको आचरणः** सहजकर्ताको आचरण देहाय बमोजिम हुनुपर्नेछ ।

१. कार्यमा नियमितता ।

२. मृदुभाषी ।

३. बालमनोविज्ञानको ज्ञान ।

४. पेशाप्रति जिम्मेवार ।

५. अनुशासित र इमानदार ।

६. सबै अभिभावकको विश्वास जित्न सफल तथा बालअधिकारको सम्मान गर्ने ।

**१६. सहजकर्ताको पारिश्रमिक र सुविधाः** (१) सरकारी अनुदानमा सञ्चालित केन्द्रका सहजकर्ताको पारिश्रमिक नेपाल सरकारले तोकेको न्युनतम सेवा सुविधामा नघटाई गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

(२) साथै निजी लगानीमा सञ्चालित केन्द्रका सहजकर्ताको पारिश्रमिक केन्द्र ब्यस्थापन समितिले तोके बमोजिम हुनेछ ।

(३) सहजकर्ताले सामुदायिक विद्यालयका अस्थायी वा करार प्रकृतिक शिक्षक एवम कर्मचारी सरह विदा पाउनेछन् ।

**१७. सहजकर्ताको सरुवा सम्बन्धी व्यवस्थाः** (१) सरकारी अनुदानमा सञ्चालित केन्द्रका सहजकर्ताले सरुवा भई जाने र आउने दुवै केन्द्रको व्यवस्थापन समितिको सहमति र वडाको सिफारिस लिइ निवेदन पेश गरेमा शिक्षा समितिको निर्णय बमोजिम गाउँपालिका कार्यालयले सरुवा गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि दरबन्दी मिलानको क्रममा विशेष कारणवस सहजकर्ताको सरुवा गर्नै पर्ने अवस्था आएमा शिक्षा समितिले गाउँपालिका भित्र जुनसुकै अर्को केन्द्र वा विद्यालयमा निजको सरुवा गर्न सक्नेछ ।

**१८.सेवा करारः** प्रत्येक वर्ष ६/६ महिनामा नियमित रूपमा केन्द्र व्यवस्थापन समितिले सहजकर्ताको सेवा करार सम्झौता गर्नु पर्नेछ ।

**१९. उमेर हदः** केन्द्रको सहजकर्ताको उमेर ६० वर्ष पुरा भएपछि निज अनिवार्य अवकास हुनेछ ।

## परिच्छेद ५

## दर्ता, धरौटी रकम र शुल्क सम्बन्धी ब्यवस्था

**२०. धरौटी रकम राख्नु पर्नेः** (१) केन्द्र खोल्ने अनुमति लिंदा सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछ ।

१. प्रारम्भिक बाल विकास केन्द्रको लागि रु.एक लाख १,००००० ।

२. शिशु स्याहार केन्द्रको लागि रु. एक लाख १,००००० ।

३. धरौटी रकमका लागि गाउँपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ ।

(३) दफा (१) मा जुनसुकै कुरा उल्लेख गरेको भएता पनि सार्वजनिक/सरकारी र सामुदायिक बालविकास केन्द्र खोल्ने अनुमति लिदाँ कुनै पनि धरौटी लाग्ने छैन।

**२१.दर्ता र नवीकरण शुल्क** : गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख गरिएबमोजिम गाउँपालिका कार्यालयमा वालविकास केन्द्र, शिशु विकास केन्द्र र शिशु स्याहार केन्द्रको क्रमश देहायबमोजिमको दर्ता र नवीकरण शुल्क लाग्नेछ ।

क. दर्ता शुल्क रु. ३०००।

ख. नवीकरण शुल्क रु. २०००।

**२२. विशेष ब्यवस्थाः** (१) यो कार्यविधि जारी हुनपूर्व गाउँपालिकामा संस्था दर्ता गरी निजि लगानीमा सञ्चालित केन्द्रले यो नियम लागू भएको तीन महिना भित्र शैक्षिक संस्थाको रुपमा अनुमतीका लागि गाउँपालिकामा निवेदन पेश गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँपालिकाले आवश्यक छानविन गरी वडा कार्यालयसँग समन्वय गरी दफा (४) बमोजिमको मापदण्ड पुरा गरेको देखिएमा वालविकास केन्द्र,शिशु विकास केन्द्र र शिशु स्याहार केन्द्र मध्ये आवश्यकता अनुसार कुनै एक केन्द्रका लागि अनुमती प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतीका लागि निवेदन नदिएमा वा उपदफा (२) बमोजिम अनुमती प्राप्त नगरेमा त्यस्तो केन्द्रलाइ क्रमश खारेजी प्रकिया अगाडी बढाइनेछ।

**२३. शुल्क सम्बन्धी ब्यवस्था :** (१) निजी लगानीमा सञ्चालित केन्द्रले शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तिमा दुई महिना अगावै शुल्क प्रस्ताव गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ । सामान्यतया गाउँपालिकाले शैक्षिक सत्र हुनु अगावै शुल्क निर्धारण गर्नुपर्नेछ।

(२) केन्द्रले प्रत्येक बर्ष गाउँपालिकाबाट स्वीकृत भएबमोजिम शुल्क लिनुपर्नेछ । यस प्रयोजनका लागि गाउँपालिकाले केन्द्रलाई निश्चित मापदण्ड बनाइ क, ख, ग र घ वर्गमा विभाजन गर्न सक्नेछ ।

**२४.प्रमाणपत्र जारी गर्न नपाईनेः** शिशु विकास केन्द्रले त्यस्ता केन्द्रमा अध्ययन पूरा गरेका बालबालिकालाई शैक्षिक प्रमाणपत्र जारी गर्न पाउने छैन ।

**२५.सवारी साधनको प्रयोगः** (१) केन्द्रले बालबालिकालाई त्यस्तो केन्द्र सम्म ल्याउन, लैजान सामान्यतया सवारी साधनको प्रयोग गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनी बालबालिकालाई सवारी साधन विना केन्द्र सम्म ल्याउन लैजान समस्या हुने अवस्थामा सवारी साधनको विवरण सहित वडा कार्यालयबाट प्राप्त सिफारिस बमोजिम गाउँपालिकाले अनुमती प्रदान गर्नेछ।

(३) गाउँपालिका बाट अनुमति लिनु पुर्व सम्बन्धित केन्द्रले बालवालिकाको अभिभावकहरुसँग सवारी साधन प्रयोग सम्बन्धमा गरेको सम्झौता वा निर्णयको प्रतिलिपि समेत संलग्न गरी पेश गर्नुपर्नेछ।

(४) गाउँपालिका बाट अनुमति प्रदान गर्दा उपदफा (२) र (३) बमोजिम सवारी साधनको आवश्यकता र सवारी साधन बालमैत्री भए नभएको यकिन गरेरमात्र अनुमती दिनुपर्नेछ ।

**२६.प्रगती विवरण पेस गर्नुपर्ने** : निजी लगानीमा सञ्चालित केन्द्रले प्रत्येक आर्थिक वर्ष समाप्त भएको कम्तिमा ३ तीन महिना भित्र देहायबमोजिमका कागजातहरू सहित वार्षिक प्रगती विवरण गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

क. लेखा परिक्षण प्रतिवेदन ।

ख. संस्था/व्यवसाय नवीकरण प्रमाणपत्रको प्रतिलिपि ।

ग. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

घ. विद्यार्थीको संख्यात्मक विवरण ।

ङ. कार्यालयले तोकेका अन्य विवरण ।

## परिच्छेद ६

## आर्थिक व्यवस्थापन र लेखापरीक्षण

**२७.केन्द्रको कोषः** (१) सरकारी अनुदान वा सामुदायिक रुपमा सञ्चालित बालविकास केन्द्रको नाममा एउटा कोष रहनेछ र उक्त कोषमा देहायबमोजिमको रकम जम्मा हुनेछ।

क. नेपाल सरकारबाट प्राप्त हुने अनुदान ।

ख. प्रदेश तथा गाउँपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

ग. चन्दा, दान र दातब्य बाट प्राप्त रकम ।

घ. सहयोग शुल्कबाट आउने रकम ।

ङ. अन्य विविध स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम केन्द्रको खाता सञ्चालन र व्यवस्थापन सम्बन्धित विद्यालय कोषबाट हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नीजि लगानीमा संचालित केन्द्रले सम्बन्धित केन्द्र ब्यबस्थापन समितिको निर्णय बमोजिम कोष स्थापना गर्न सक्नेछ र उक्त कोषमा तोकिए बमोजिमका रकम जम्मा गर्नेछ ।

**२८.केन्द्रको कोष परिचालन** : केन्द्रको नाममा छुट्टै खाता सञ्चालन भएको खण्डमा केन्द्र व्यवस्थापन समितिले निर्णय गरे बमोजिम कोषको परिचालन हुनेछ ।

**२९. केन्द्रको बैंक खाता सञ्चालनः** केन्द्रको बैंक खाता सो केन्द्रको व्यवस्थापन समिति अध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

**३०.केन्द्रको सम्पत्ति हस्तान्तरणः** (१) सरकारी अनुदान वा सामुदायिक रूपमा सञ्चालित बालविकास केन्द्रको नाममा भएको जग्गा, भवन, फनिर्चर लगायतका चल, अचल सम्पत्ति र त्यस केन्द्रको नाममा रहेको नगद रकम सोही केन्द्रको सम्पत्ति मानिनेछ । तर केन्द्र सञ्चालन हुन नसकी बीचैमा बन्द भएमा वा उक्त केन्द्र अन्य विद्यालयमा समायोजन भएमा त्यस केन्द्रको सम्पत्ति गाउँपालिकाले निर्णय गरी सबै भन्दा नजिकको केन्द्र वा विद्यायलाई हस्तान्तरण गर्न सक्नेछ । सो सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नीजि लगानीबाट संचालित केन्द्रको सम्पत्तिको संरक्षण र त्यस्को दायित्व र हस्तान्तरण सम्बन्धित केन्द्र ब्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

**३१.लेखा परिक्षणः** बालबिकास केन्द्रले प्रत्येक बर्ष प्रचलित कानुन बमोजिम सुचिकृत लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

## परिच्छेद ७

## केन्द्र सञ्चालन सम्बन्धी ब्यवस्था

**३२. केन्द्र सञ्चालन समयः** प्रारम्भिक बाल विकास केन्द्रको सञ्चालन समय हप्तामा ६ दिन, सार्वजनिक विदा बाहेक दैनिक कम्तिमा ४:३० घण्टा सम्म हुनेछ ।शिशुस्याहर केन्द्रका बालबालिकाको हकमा विहान १०:०० बजेदेखि दिउसो २:०० बजे सम्मको समय कायम हुनेछ । सहजकर्ताले काम गर्ने समय भने विद्यालयको कार्यालय समय बराबर हुनेछ ।

**३३.केन्द्र खुल्ने र बन्द हुने समयः** (१) एक शैक्षिक सत्रमा बार्षिक कम्तीमा २२० दिन केन्द्र सञ्चालन गर्नुपर्नेछ।केन्द्र सञ्चालन नभएको समयमा प्रत्येक वर्ष प्रअ/शिक्षक/कर्मचारीलाइ कम्तीमा ५ दिने तालिमको ब्यवस्था केन्द्रले गर्नुपर्नेछ।

(२) केन्द्र व्यवस्थापन समितिले सार्वजनिक विदाको दिन बाहेक एक शैक्षिक सत्रमा बढीमा ४५ दिन केन्द्र बन्द गर्न सक्नेछ।

**३४.आवद्वताः** (१) सरकारी अनुदानमा वा समुदायमा आधारित वा अन्य बालविकास केन्द्र नजिकको सार्वजनिक विद्यालयसँग अनिवार्य आवद्ध हुनुपर्नेछ ।

**३५.अतिरिक्त क्रियाकलाप सञ्चालन** : (१) केन्द्रले प्रत्येक दिन बालविकास सम्बन्धी खेल तथा मनोरञ्जनात्मक क्रियाकलापहरू जस्तै गायन, नृत्य, चित्रकला जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद- ८

## विविध

**३६. पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोग** : (१) प्रत्येक केन्द्रले बालबालिकाको सर्वाङ्गीण विकासका लागि पाठ्यक्रम विकास केन्द्र, गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठयुस्तक, पाठ्यसामग्री तथा सन्दर्भ सामाग्री प्रयोग गर्नुपर्नेछ ।

**३७.जरिवाना र पुनरावेदन :** (१) यो कार्यविधि जारी हुनु पुर्व अनुमती नलिई निजि लगानीमा सञ्चालनमा रहेका केन्द्रले छ महिना भित्रमा अभिलेखीकरण गरिसक्नु पर्नेछ । तोकिएको म्यादसम्म अभिलेखीकरण हुन नसकेका केन्द्रका बारेमा उजुरी परेमा पहिलो पटक प्रमुख प्रशासकीय अधिकृतले छानविन गरी दोषि ठहर भएका सञ्चालकलाई स्पष्टिकरण सोध्ने र दोस्रो पटक दस हजार रुपैया सम्म जरिवाना गर्नेछ ।जरिवाना पश्चात तोकिएको म्याद भित्र अनुमती नलिएमा वा अभिलेखीकरण नगरेमा केन्द्र/कक्षा स्वतः खारेज गर्न सकिनेछ ।

(२) निजी लगानीमा सञ्चालित केन्द्रले गाउँपालिकाले तोके भन्दा बढी शुल्क लिएको प्रमाणित भएमा पहिलो पटक प्रमुख प्रशासकीय अधिकृतले छानबिन गरी दोषी ठहर भएका सञ्चालकलाई स्पष्टिकरण सोध्ने र दोस्रो पटक दश हजार रुपैयाँ सम्म जरिवाना गर्नेछ । यदि तेस्रो पटक समेत सोही कार्य गरेमा केन्द्र/कक्षा स्वतः खारेज गर्न सकिनेछ ।

(३) कुनै संस्थालाई उपदफा (१) र (२) बमोजिम गरिएको जरिवाना उपर चित्त नबुझेमा गाउँपालिकाको न्यायिक समिति समक्ष उजुरी गर्न सक्नेछ ।

**३८. केन्द्र बन्द वा समायोजन :** (१) केन्द्रमा लगातार तीन शैक्षिक सत्र सम्म प्रति कक्षा १० जना भन्दा कम विद्यार्थी संख्या भएमा वा कुनै कारणवश केन्द्र बन्द गर्नुपर्ने अवस्थामा शिक्षा समितिको निर्णयसहित कार्यपालिकाले केन्द्र बन्द गर्न वा केन्द्रलाई अन्य कुनै विद्यालयमा समायोजन गर्नसक्नेछ ।यसरी बन्द वा समायोजन भएका सरकारी अनुदानमा सञ्चालित केन्द्रमा कार्यरत सहजकर्ताको दरवन्दी गाउँपालिकाले अन्य केन्द्र तथा विद्यालयमा कामकाजमा खटाउने गरी मिलान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नीजि लगानीबाट संचालित केन्द्रको हकमा केन्द्र बन्द तथा समायोजन सम्बन्धी कार्य केन्द्र ब्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

**३९. समुदायमा आधारित केन्द्र व्यवस्थापन** :समुदायमा आधारित केन्द्रमा लगातार तीन शैक्षिक सत्र सम्म प्रति कक्षा १० जना भन्दा कम विद्यार्थी भएमा विद्यालयमा समायोजन गरिनेछ । कुनै कारणबस विद्यालयमा कार्यरत बालविकास सहजकर्ताको पद रिक्त भएमा सो रिक्त पदमा समुदायमा आधारित केन्द्रमा कार्यरत सहजकर्तालाई प्राथमिकता दिई समायोजन गरिनेछ ।

**४०. बालविकास केन्द्रको दरवन्दी वितरण तथा व्यवस्थापनः** सामान्यतया विद्यार्थी सङ्ख्याको अनुपातमा सामुदायिक विद्यालयमा बढी रहेको दरवन्दीलाइ अन्यत्र विद्यालय वा दरवन्दी कम भएको अर्को विद्यालयमा शिक्षा समितिको निर्णय बमोजिम स्थानान्तरण गरेर बालबिकास सहजकर्ताको दरबन्दी वितरण तथा ब्यवस्थापन गरिनेछ।

४१.यस **कार्यविधि बमोजिम भएको मानिने:** यो कार्यविधि जारी हुनुपुर्व गाउँपालिकाभित्र कुनै सार्वजनिक विद्यालय वा समुदायमा प्रारम्भिक बालविकास केन्द्र, शिशु स्याहर केन्द्र नियमित रुपमा सञ्चालन भइरहेको भए यसै कार्यविधि बमोजिम सञ्चालन भएको मानिनेछ ।

**४२.यस कार्यविधि बमोजिम हुने**: यस कार्यविधिमा उल्लिखित कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**४३.संशोधन गर्न सकिनेः** यो कार्यविधिलाई आवश्यकता अनुसार समयानुकुल बनाउन कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

**(परिच्छेद २ दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

श्रीमान्

प्रमुख प्रशासकीय अधिकृत ज्यू

गेरूवा गाउँपालिका, पशुपतिनगर ।

विषयः बाल विकास केन्द्र /शिशु विकास केन्द्र/ शिशु स्याहार केन्द्र सञ्चालन अनुमती सम्बन्धमा ।

शैक्षिक सत्र..............................देखि प्रारम्भिक बाल विकास केन्द्र /शिशु विकास केन्द्र/ शिशु स्याहार केन्द्र अनुमतीका लागि व्यवस्थापन समितिको मिति..............................को निर्णय अनुसार देहायका विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु/ छौं।

(क) प्रस्तावित केन्द्रको

१. नामः २. ठेगानाः

३. फोन नं :

४. सेवा पुर्याईने बालबालिकाको संख्या ......

(ख) सञ्चालनका लागि जिम्मेवार लिने वा आवद्वता दिने केन्द्रको-

१. नामः २. ठेगानाः

३. फोन नंः

(ग) प्रस्तावित केन्द्रको भौतिक पुर्वाधार

१. भवन संख्याः (अ) कोठा (आ) पक्की/अर्धपक्की/कच्ची

(इ) के ले बनेको (ई) आफ्नै/सार्वजनिक/ भाडा

२. फर्निचरको विवरणः

(अ) डेक्स / बेन्च संख्या (आ) मेच/ कुर्ची संख्या

(इ) टेवल संख्या (ई) दराज संख्या

३. खेल मैदान र त्यसको क्षेत्रफल :

(अ) आफ्नै (आ) कच्ची वा पक्की

(इ) अन्य (ई) आफ्नै/सार्वजनिक/ भाडा

४ शौचालयको अवस्थाः

(अ) संख्या (आ) पक्की/अर्धपक्की/कच्ची (इ) छात्र/छात्रा

(इ) पानीको व्यवस्था भए/ नभएको (ई) सुरक्षित भएको/नभएको

५ कक्षाकोठाको विवरण/ अवस्थाः

(अ) लम्बाइ (आ) चौडाइ (इ) उचाइ

(इ) झ्याल,ढोकको अवस्था (ई) उज्यालो र प्रकाशको ब्यवस्था भएको/नभएको

६. खानेपानीको अवस्था :

(अ) बोकेर ल्याउने (आ) धाराबाट प्राप्त

(इ) पानी ट्याङ्की /मोटरको ब्यवस्था (ई) अपर्याप्त (उ) पर्याप्त

७. पाठ्य सामाग्रीको नाम र संख्याः

(अ) (आ)

(इ) (ई)

७. आर्थिक विवरण

(अ) चल सम्पत्ति (आ) अचल सम्पत्ति

(इ) बार्षिक आम्दानी (ई) आम्दानीको स्रोत

८. आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाईन्छ ::

९. अन्य कुनै विवरण भए उल्लेख गर्ने :

माथि लेखिएको विवरण ठीक छ, झूठा ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला ।

निवेदकको सहीः

संस्थाको छाप सही

नाम :

ठेगानाः

मिति :

**संलग्न गर्नुपर्ने कागजातः**

.१ भवन, खेल मैदान सम्बन्धी प्रमाण कागजात र विवरण

२. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन

३. आपसी सहयोग समूहबाट निवेदन गरिएको भए त्यस्तो समूहको बैठकको निर्णय ।

४. कुनै केन्द्रसँग आवद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो केन्द्रको सिफारिस ।

५. प्रस्तावित केन्द्रको सेवा क्षेत्र रहेको नजिकको कम्तीमा २ वटा विद्यालयको व्यवस्थापन समितिको निर्णय समेतको सहमती सिफारिस पत्र

६. प्रस्तावित केन्द्रको सेवा क्षेत्र (शैक्षिक नक्साङकन)

७. जग्गा वा भवन भाडामा लिने भए कम्तिमा ५ बर्ष सम्मको लागी घर वा जग्गा धनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा वा सम्झौता

८. सम्बन्धित वडा कार्यालयको सिफारिस

## अनुसूची-२
### (परिच्छेद (२) दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

बाल विकास केन्द्र /शिशु विकास केन्द्र/ शिशु स्याहार केन्द्र सञ्चालनका लागि दिईने अनुमती

श्री.............................................

........................................................

विषयः अनुमती सम्बन्धमा ।

प्रस्तुत बिषयमा तपाइले प्रारम्भिक बाल विकास केन्द्र /शिशु विकास केन्द्र/ शिशु स्याहार केन्द्र सञ्चालनका लागि यस गाउँपालिकाको कार्यालयमा दिएको निवेदन उपर कारबाही हुँदा शैक्षिकसत्र ................................. देखि प्रारम्भिक बाल विकास केन्द्र /शिशु विकास केन्द्र/ शिशु स्याहार केन्द्र सञ्चालन गर्न यस कार्यालयको मिति.....................................को निर्णय अनुसार अनुमती प्रदान गरिएको छ ।

अनुमती प्रदान गर्ने अधिकारीको

नामः

पदः

मितिः

कार्यालयको छापः

**बोधार्थ**

श्री ...................... विद्यालय।(आवद्वता दिने विद्यालय)

श्री ...................... वडा कार्यालय।

आज्ञाले

बस बहादुर राना

प्रमुख प्रशासकीय अधिकृत